# ओमसतिया गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०७६

प्रस्तावना :

ओमसतिया गाउँपालिका क्षेत्रभित्र रहेका स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता अनुमति, नविकरण तथा खारजी गर्न, नियमन तथा अनुगमन गरी स्थानीय हाटबजारको व्यवस्थापन गर्न, स्थानीय व्यापारको तथ्याङ्क अध्यावधिक गर्न र स्थानीय व्यापारको प्रवर्द्दन तथा सहजीकरण गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम ओमसतिया गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई लागू गरेको छ ।

१. नाम र प्रारम्भ : (१) यसऐनको नाम "ओमसतिया गाउँपालिकाको व्यवसाय दर्ता ऐन,२०७६" रहेका छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२ परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) "व्यवसाय" भन्नाले ओमसतिया गाउँपालिकाको आर्थिक ऐन, २०७६ को दफा ५ को अनुसूची ४ मा उल्लिखित व्यापार, व्यवसाय र पेशा सम्झनुपर्छ र यो शब्दले गाउँ पालिकाको गाउँ परिषदले तोकेको व्यवसायको किसिमलाई समेत वुझाउँदछ ।

(ग) "गाउँपालिका" भन्नाले ओमसतिया गाउँपालिका सम्झनुपर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ओमसतिया गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ)"कार्यालय" भन्नाले ओमसतिया गाउँपालिकागाउँ कार्यपालिकाको कार्यालय र सो मातहतमा रहेको वडा कार्यालयलाई समेत जनाउदछ ।

(च) "शाखा" भन्नाले राजश्व शाखालाई सम्झनुपर्छ ।

३. व्यवसाय दर्ता गरी व्यवसाय संचालन गर्नुपर्ने :ओमसतिया गाउँपालिका क्षेत्रभित्र कुनैपनि व्यवसाय संचालन गर्नु अघि यस ऐन बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ ।

४. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने : (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची-१ मा उल्लेखित ढाँचाको दरखास्त फाराम कार्यालयमा दिन सक्नेछ । यस्तो दरखास्त फाराममा देहायका कुराहरु खुलेको हुनुपर्छः-

क) व्यवसायको नाम र ठेगाना ।

ख) व्यवसायको प्रकृति : उद्योग, व्यापार, सेवा, पेशा ।

ग) व्यवसायले कारोबार गर्ने मुख्य वस्तु र सेवा ।

घ) लगानी ।

ङ) व्यवसायीको नाम, ठेगाना र बाबु, बाजेको नाम ।

च) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम ।

छ) व्यवसायीको नागरिकता वा स्थानीयकर इजाजत नं.

ज) अन्यत्र व्यवसाय दर्ता भएको भए सोको विवरण र दर्ता प्रमाणपत्र नम्वर

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नुपर्नेछ ।

(३) माथि उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि सम्बन्धित कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूचि-२ बमोजिमको व्यवसाय कर दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची-३ को ढाँचामा व्यवसाय कर दर्ता प्रमाण पत्र उपलव्ध गराउँनु पर्नेछ ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन र थप कारोबार गर्नु पर्ने भएमा नियमानुसार लाग्ने दस्तुर तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनी दर्ता गराउनु पर्नेछ ।

५. व्यवसायको नविकरण गर्नुपर्ने: *दफा ४ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरु भएको ३५ दिनभित्र नियमानुसार लाग्ने दस्तुर तिरी प्रत्येक आर्थिक वर्षको लागि व्यवसाय नविकरण गर्नु पर्नेछ ।*

६. विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने :(१) दफा ४ बमोजिम व्यवसाय दर्ताको लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरुमध्ये केही कुरा हेरफेर गर्नुपर्ने भएमा १५ दिनभित्र सोको जानकारी कार्यालयमा दिनुपर्नेछ ।

(२) उप-दफा(१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ समेत गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको प्रकृति तथा सेवाको किसिम तथा व्यवसायको नाम आदि परिवर्तन गर्नुपरेमा नयाँ प्रकृतिको व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्ने छ ।

७. साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्ने :

(१) एक व्यक्ति वा एक भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघटगर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी सम्वन्धित वडामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवदेन परेमा सम्बन्धित वडा कार्यालयले आवश्यक जाँचबुझ गरि गाउँपालिकामा सिफारिस गर्नुपर्नेछ ॥

(३) गाउँपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको पेशा व्यवसाय गाउँको अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित वडा कार्यालयलाई जानकारी गर्नुपर्नेछ ।

(४) उपदफा(३) बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत किताबमा ठाउँसारी जनाई लगत खारेज गुर्नपर्नेछ ।

(५) उप-दफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

(६) उप- दफा (३)बमोजिम ठाँउसारी गर्न चाहने व्यवसायीले ठाँउसारी भई जाने व्यवसाय रहने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी रु. १०००दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

(७) यस उपदफा बमोजिम ठाउँसारी भईआउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ ।

८. कार्यालयले विवरण माग गर्न, निर्देशन दिनर अनुगमन गर्न सक्ने : (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ ।

(२) उप-दफा (१) बमोजिम विवरण उपलब्ध गाउं भएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलमा अनुगमन गरी आवश्यक जाँचवुझ गरी निर्देशन दिन सक्नेछ ।

(३) यस ऐन बमोजिम दर्ता भएका पेशा, व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ ।

९. व्यवसाय सञ्चालनको अनुमति लिनु पर्ने : (१) गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्बन्धित निकायवाट प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने भएमा तत् निकायबाट समेत अनुमति लिई व्यवसाय संचालन गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

१०.व्यवसाय दर्ता खारेज गर्न सकिने :(१) यस ऐन बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

(२) यस ऐन बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिब कारण खोली व्यवसायीले सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिनेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचवुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लागत कट्टा वापत लिईने सेवा शुल्क समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।

(५) प्रचलित कानून विपरितको कारोबार गरेमा वा पेशा/व्यवसाय संचालन गरेमा, कार्यालयले दिएको निर्देशन उलंघन गरेमा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असुल गरी व्यवसायको दर्ता खारेज गर्नेछ ।

(६) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(७) यसऐन अन्तर्गतको उप-दफा (५) बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा सम्वन्धित व्यवसायीको नाममा गाउँ पालिकामा ३ बर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी संचालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ । साथै त्यस्ता व्यवसायीको विवरण सार्वजनिक गरिनेछ ।

११. जरिवाना तथा थप दस्तुर लाग्ने :(१) यस ऐनमा तोकिएको समयभित्र व्यवसाय दर्ता र नविकरण नगर्ने व्यवसायीलाई नियमानुसार लाग्ने दस्तुरमा थप २५ प्रतिशतको दरले जरिवाना लगाई व्यवसाय दर्ता र नविकरण गर्नुपर्नेछ ।

१२. कर छुट तथा मिन्हा दिन सकिने : (१)गाउँ पालिका क्षेत्रमा व्यापार व्यवसाय दर्ता गर्न चाहाने महिला, दलित तथा अपाङगता भएका व्यक्तिलाई व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा पच्चीस प्रतिशत छुट दिन सकिनेछ।

१३.प्रतिलिपि दिने सक्ने :व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यक जांचवुझ गरी प्रतिलिपि दस्तुर लिई नयां प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

१४. व्यवसाय संचालन नभएको सिफारिस दिन सक्ने :प्रचालित कानून बमोजिम दर्ता भएका व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्वन्धमा कार्यालयले आवश्यक जांचबुझ गरी व्यहोरा प्रमाणित भएमा रु. १,००० दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सकिनेछ ।

१५. व्यवसाय दर्ता तथा नविकरण नगरी संचालन गरेमा कारबाहि हुने : (१) प्रचलित कानून र यस ऐन बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्रभित्र संचालन गरेको पाईएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई १५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ ।

(२) उप-दफा (१)बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको मितिले १५ दिनभित्रकार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा गाउँपालिका बाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु बन्द गरिनेछ ।

(३) उप-दफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिनाभित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा कार्यालयले व्यवसायीको व्यवसाय बन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

१६. वाधा अडकाउ फुकाउने अधिकार : (१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

(२) प्रचलित ऐन, नियम र यस ऐनको मूलभूत कुरालाई असर पर्ने गरी उपदफा (१) बमोजिमको वाधा फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

(३) यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

१७. खारेजी तथा बचाउ : (१) यो ऐन बन्नु भन्दा अगाडि गाउँपालिकावाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

ओमसतिया गाउँपालिकाको व्यवसाय दर्ता ऐन,२०७६ को
दफा ४ को उपदफा (१) सँग सम्बन्धित

अनुसूची-१

ओमसतिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही
५ नं. प्रदेश, नेपाल

# व्यवसाय दर्ता/नविकरण निवेदन फाराम

श्री ओमसतिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ओमसतिया,रुपन्देही
५ नं. प्रदेश, नेपाल

विषय : व्यवसाय दर्ता /नवीकरण गर्न अनुमति पाउँ ।

मैले/हामीले निम्न स्थानमा ........................................................ व्यवसाय दर्ता/नविकरण गर्न लागेकोले सो को प्रमाण-पत्र प्राप्त गर्न दरखास्त गर्न आएको छु/छौं । ओमसतिया गाउँ पालिका आर्थिक ऐन, २०७६ बमोजिम कर, दस्तुर बुझाउनुको साथै ओमसतिया नरपालिकाबाट समय समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं ।

१.व्यवसायीको नाम, थर : ............................................

२. स्थायी ठेगाना : ................. जिल्ला .............. गा.पा. ............ वडा नं...............

३. बाबुको नाम, थर : ..........................................................................

---

४. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. ........ घर नं. ......... मार्ग ...........

फोन नं. : ..............................फ्याक्स : .............................. इमेल :.............

---

५.भाडामा रहेको भए व्यवसाय रहने घरको घरधनीको नाम, थर..........................................

६. ठेगाना : .................. वडा नं. ..................

७. व्यवसायको प्रकृतिः ............................................

८. पूँजीगत लगानी रु.मा ........................

९. फर्म/कम्पनीको नाम : ..........................................................................................

१०. अन्यत्र दर्ता भएको भए, दर्ता नं. ....................................../कार्यालय : .........

---

मिति : ........................ निवेदकको दस्तखत

ओमसतिया गाउँपालिकाको व्यवसाय दर्ता ऐन,२०७६ को
दफा ४ को उपदफा (३) सँग सम्बन्धित

अनुसूचि २

# ओमसतिया गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हाटिफर्साटिकर, रुपन्देही

५ नं. प्रदेश, नेपाल

### व्यवसाय दर्ता किताब

| क्र.स | व्यवसायीको नाम थर | ठेगाना | व्यवसायको प्रकृति | पूजी | एकलौटी / साझेदारी | दर्ता मिति | फोटो | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

ओमसतिया गाउँपालिकाको व्यवसाय दर्ता ऐन २०७६ को
दफा ४ को उपदफा (३) सँग सम्वन्धित

अनुसूची ३

## ओमसतिया गाउँ पालिका
## गाउँ. कार्यपालिकाको कार्यालय

रुपन्देही
५ नं. प्रदेश, नेपाल

# व्यवसाय दर्ता प्रमाणपत्र

दर्ता मिति :

प्रमाणपत्र नं :

वडा नं. :

जिल्ला .................................... गाउँपालिका .......... ...................... ....वडा नं....................... बस्ने श्री ................... ........................... ...................... लाई स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ बमोजिम निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाण-पत्र जारी गरिएको छ ।

व्यवसायको नाम : ..........................................................................

व्यवसाय रहने स्थान : ओ गा पा वडा नं. ................. बाटोको नाम .........................

घर नं. .............. टोल ................................

व्यवसाय रहने घरधनीको नाम : ...............................

व्यवसायको प्रकृति : ............................... पूंजीगत लगानी (रु मा) : ....................................

| | | |
|---|---|---|
| ......................... | ......................... | ......................... |
| व्यवसायी | पेश गर्ने | स्वीकृत गर्नेको |
| मिति : | मिति : | मिति : |

# शर्तहरु

१) प्रत्येक आ.व.को कर अषाढ मसान्त भित्र बुझाई सक्नु पर्छ । तर ओमसतिया गाउँपालिकावाट व्यवसाय कर टोली खटाउदा सोही समयमा नै नविकरण गर्नुपर्नेछ ।

२) व्यवसाय गरी आएको स्थान बदल्नु परेमा गाउँपालिकावाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

३) आफुले संचालन गरेको व्यवसाय बन्द गर्नु पर्दा वा छाड्न परेमा बाँकी कर तिरी लिखित निवेदन मिति यो प्रमाण-पत्र पेश गरी व्यवसाय बन्द भएको जनाउपत्र लिनु पर्नेछ । तर चा.लु. आ.व. को शुरुको ३५ दिन भित्र व्यवसाय बन्द गर्न निवेदन पेश भएमा उक्त आ.व.को कर लिइने छैन । अन्यथा व्यवसाय चालु नै रहेको मानिनेछ ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र गाउँपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनुपर्दछ ।

५) आफुले संचालन गरेको व्यवसायमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन।

६) आफुले संचालन गरेको व्यवसायको फोहरमैला तोकिएको स्थानमा राख्नु पर्नेछ।

७) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ ।

ओमसतिया गाउँपालिकाको व्यवसाय दर्ता ऐन,२०७६ को
दफा ४ को उपदफा (३) सँग सम्वन्धित
अनुसूची ३

# ओमसतिया गाउँ पालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रुपन्देही
५ नं. प्रदेश, नेपाल

| फोटो | फोटो |
|---|---|

## व्यवसाय दर्ता प्रमाण पत्र

दर्ता मिति :
प्रमाण-पत्र नं.
वडा नं. :

ओमसतिया गाउँ पालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७६ को अनुसार यो व्यवसाय प्रमाण-पत्र जारी गरिएको छ।

व्यवसायी संस्थाको विवरण :

१ (क) मुख्य व्यक्ति (फोकल व्यक्ति) /संस्थाको नाम,थर :
(ख) नागरिकता नं. जारी जिल्ला मिति :
(ग) नेपाल सरकारमा (अन्य निकाय) दर्ता मिति :
(घ) दर्ता नम्वर :
(ङ) निकाय :
२ ठेगाना : ☐ स्वदेशी ☐ विदेशी
३ हालको ठेगाना : ......................................

व्यवसायको विवरण :

४ व्यवसायको नाम : ..................................................
५ व्यवसाय रहने स्थान : ओ गा पा वडा न. .................. टोल ..........................
घर नं. ............... बाटोको नाम ................................
घर नं. .................................
घरधनीको नाम : ...............................

कारोवार गर्ने वस्तु सेवाको विवरण :

पूंजीगत लगानी (रु मा) : ..............................................................................

<u>साझेदारी व्यवसायको हकमा साझेदारको विवरणहरु</u>

## शर्तहरु

१) प्रत्येक आ.व.को कर आषाढ मसान्त भित्र बुझाई सक्नु पर्छ । तर ओमसतिया गाउँपालिकाबाट व्यवसाय कर टोली खटाउदा सोही समयमा नै नविकरण गर्नुपर्नेछ ।

२) व्यवसाय गरी आएको स्थान बदल्नु परे गाउँपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

३) आफुले संचालन गरेको व्यवसाय बन्द गर्नुपर्दा वा छाड्न परेमा बाँकी कर तिरी लिखित निवेदन मिति यो प्रमाण-पत्र पेश गरी व्यवसाय बन्द भएको जनाउपत्र लिनु पर्नेछ । तर चा.लु. आ.व. को शुरुको ३५ दिन भित्र व्यवसाय बन्द गर्न निवेदन पेश भएमा उक्त आ.व.को कर लिइने छैन । अन्यथा व्यवसाय चालु नै रहेको मानिनेछ ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र गाउँपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्दछ ।

५) आफुले संचालन गरेको व्यवसायमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन ।

६) आफुले संचालन गरेको व्यवसायको फोहरमैला तोकिएको स्थानमा राख्नु पर्नेछ ।

७) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ ।